# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्याः ६३**
**(मितिः २०७८/०४/३१)**

विषयः-

१. अफगानिस्तानमा रहेका नेपालीहरूको अवस्था सम्बन्धमा।

२. विविध ।

**छलफल तथा निर्णयः-**

समितिको आजको बैठकमा परराष्ट्र मन्त्रालयका सचिव श्री भरतराज पौड्यालसँग अफगानिस्तानमा रहेका नेपालीहरुको अवस्थाका सम्बन्धमा छलफल भयो । यसैगरी विविध विषय अन्तर्गत भू. पू. गोर्खा सैनिकका समस्या एवं सो समस्या समाधानका सम्बन्धमा समितिले विगतमा उच्च स्तरीय वार्ता टोली गठन गर्न सरकारलाई दिएको निर्देशन, दार्चुला जिल्लामा जयसिंह धामी तुइनबाट महाकाली नदीमा खसेर बेपत्ता भएको घटना लगायतका विषयका सम्बन्धमा समेत छलफल भयो । सो क्रममा समितिका माननीय सदस्यहरुले आफ्ना विभिन्न राय, सुझाव एवं धारणाहरु व्यक्त गर्नुभयो । त्यसपश्चात् नेपाल सरकार र परराष्ट्र मन्त्रालयलाई देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो :

१. अफगानिस्तानमा तालिवान विद्रोहीले राजधानी काबुल समेतलाई नियन्त्रणमा लिने स्थिति देखिएकाले त्यहाँ रहेका सम्पूर्ण नेपाली नागरिकहरुलाई सुरक्षित रुपमा हवाई तथा अन्य माध्यमबाट उद्दार गर्नको लागि तत्काल कूटनीतिक लगायतका सबै उपायको अवलम्बन गर्न नेपाल सरकारलाई निर्देशन दिने,

२. विदेशस्थित नेपाली नागरिकहरुको हक-हित र सुरक्षाको लागि परराष्ट्र मन्त्रालय तथा विदेशस्थित कूटनीतिक नियोगहरुले काम गर्नुपर्ने हुँदा वैदेशिक रोजगारीमा जाने नेपालीहरुको विवरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई अनिवार्य रुपमा नियमित पठाउने व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।